घिरिङ गाउँपालिका, तनहुँको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७५

स्वीकृत मितिः २०७५।१०।२९

**प्रस्तावना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) ले दिएको अधिकार प्रयोग गरी घिरिङ गाउँपालिका, तनहुँको गाउँ सभाले घिरिङ गाउँपालिका, तनहुँको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७५ पारित गरी लागू गरेको छ ।

**परिच्छेद - १**

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यविधिको नाम “घिरिङ गाउँपालिका, तनहुँको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७५” रहेको छ न।

ख. यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) “गाउँपालिका” भन्नाले घिरिङ गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) “कार्यालय” भन्नाले घिरिङ गाउँपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) “समिति” भन्नाले घिरिङ गाउँपालिकाको यस कार्यविधिको दफा १३ बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

ङ) “नगर प्रहरी” भन्नाले घिरिङ गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

च) “कार्यपालिका” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

छ) “गाउँ सभा” भन्नाले गाउँपालिकाको सभा सम्झनु पर्दछ ।

ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

झ) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ञ) “जवान” भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

ट) “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

**३) कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्नेः**

क) कुनै अधिकारीले यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

ख) कार्यविधिको बुँदा ३ (क) को सम्वन्धमा नगर कार्यपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४) नगर प्रहरी सेवाको गठनः** गाउँपालिकामा एक नगर प्रहरी सेवा समुह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ ।

**५) गाउँपालिकामा रहने नगर प्रहरीको पद र तहः**

१) नगर सभाले तोकेको पद र तह रहनेछन ।

२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - ३

## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**६) नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकारः**

१) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयनमा सहयोग गर्ने,

२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने,

४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

५) नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने,

७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा गर्ने,

८) विपद्व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्थापना गर्ने,

९) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने,

१०) छाडा चौपायको नियन्त्रण गर्ने,

११) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

१२) सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई , हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(१३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन योजना प्रशासन तथा अनुगमन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(१६) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने, त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(१७) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(१८) खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१९) वडा समिति, टोल विकास समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(२०). नगर कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(२१) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(२२) घिरिङ नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्न पेश गर्ने ।

(२४). नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(२५) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२६) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२७) गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२८) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने । (२९) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(३०) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(३१) गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३२) गाउँपालिका अन्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३३) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(३४) गाउँपालिकाबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद - ४
## तह विभाजन र पदपूर्ति

**७) नगर प्रहरीको दरवन्दी सिर्जना प्रकृयाः**

१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी नगर सभाले निर्णय गरे वमोजिम हुनेछ ।

२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

**८) नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः** नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी नियुक्ति हुनेछ ।

क) नगर प्रहरी सहायक निरीक्षक

ख) नगर प्रहरी जवान

**९) नियुक्ति गर्ने अधिकारीः** पदपूर्ति समितिको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

**१०)** नगर प्रहरी करार सेवाको पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

**११)** खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदरवारका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

क) महिला ३५ प्रतिशत

ख) आदिबासी/जनजाति ३५ प्रतिशत

ग) दलित ३० प्रतिशत

स्पष्टीकरणः

(१) यस कार्यविधिको प्रयोजनको लागि महिला आदिवासी, जनजाती र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी /जनजाति र दलितलाई सम्झनु पर्छ ।

(२) उपबुँदा वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए वमोजिम हुनेछ ।

तर त्यसरी नतोकेसम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाति र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(३) बुँदा (११) वमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा देहायवमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ ।

(क) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी/ जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/ जनजाति भनी प्रमाणित भएको ।

(ख) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको ।

(४) बुँदा (११) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घताक (फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(५) बुँदा (११) वमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

**१२) खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः**

नगर प्रहरीको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्:

१) दरखास्त आब्हान भएको सालको वैशाख १ गते १८ वर्ष उमेर पुरा भई र ३५ वर्ष ननाघेको ।

तर खुल्ला प्रतियोगितामा भाग लिने सेवा निवृत्त प्रहरी, सेनाको हकमा ४० वर्ष ननाघेको ।

२) नगर प्रहरी सहायक निरीक्षक पदको लागि स्वीकृत विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको र नगर प्रहरी पदको लागी एस.एल.सी वा सो सरह उतिर्ण गरेको ।

३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको भनी व्यक्तिले स्व घोषणा गरेको।

५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**१३) पदपूर्ति समितिः**

गाउँपालिकाको नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष,

ख) योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य,

ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

घ) आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा स्थानीय प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**१४) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यविधिको बुँदा ११ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मान्ने र आवश्यक्तानुसार पदपूर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिने छ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) खुल्ला प्रतियोगिताद्धारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन राखी राष्ट्रियस्तरको पत्रीकामा सूचना प्रकासित गर्नु पर्नेछ ।

**१५) योग्यताक्रम सूची तयार गर्नेः**

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति/सम्झौताका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) नगर प्रहरी सहायक निरिक्षक पदमा बैकल्पिक उम्मेदवारलाई योग्यताक्रमको आधारमा नगर प्रहरी हवल्दार पदमा अवसर दिइनेछ ।

(३) कार्यविधिको बुँदा १५ को (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति/सम्झौता गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(४) नियुक्ति/सम्झौताको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र नगर कार्यपालिकाले नियुक्ति/सम्झौता पत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(५) नियुक्ति / सम्झौताको निर्णय भएको १५ दिन भित्र नियुक्ति नबुझेमा वा सम्झौता नगरेमा सिफारिस सुचीको बैकल्पिक उम्मेदवारलाई योग्यताक्रमको आधारमा नियुक्ति गरिनेछ ।

(६) कार्यविधिको बुँदा १५ को (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**१६) जेष्ठताक्रम कायम गर्नेः** (१) नगर प्रहरी जेष्ठता क्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) अन्तिम नतिजा प्रकाशन भएको १ वर्ष भित्र मुख्य उम्मेदवारले नियुक्ति लिई उक्त पद रिक्त हुन आएमा उक्त रिक्त पदमा योग्यता क्रम अनुसार वैकल्पिक उम्मेदवार लाई नियुक्ति गरिनेछ ।

**१७) सेवा करार नियुक्तिः** स्थायी रुपमा पदपुर्ति नभए सम्म कार्यवोझ एवं आवश्यकतालाई मध्य नजर गरी यस कार्यवीधि बमोजिम प्रक्रिया पुरा गरी नगर प्रहरी पदहरुमा सेवा करारमा नियुक्ति गर्ने सकिनेछ ।

**१८) सेवा निरन्तरताः** (१) प्रत्येक वर्ष गत वर्षको अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम गरेमा नगर प्रहरी प्रमुख र योजना अनुगमन शाखा प्रमुख प्रशासन शाखाको प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सेवा करारमा नियुक्त नगर प्रहरी कर्मचारीको म्याद थप गरि सेवा निरन्तरता गर्न सक्नेछ ।

(२) परीक्षणकालः नगर प्रहरी कर्मचारीको परिक्षणकाल ६ महिनाको रहेनछ ।

(३) कार्यविधिको बुँदा १७ को (१) परीक्षणकालमा कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति/सम्झौता गर्ने अधिकारीले अवकाश दिनेछ ।

**१९) नियुक्ति सदरः**

(१) कार्यविधिको बुँदा १७ (१) वमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति/सम्झौता सदर गरिनेछ ।

परिच्छेद - ५

गाउँपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

**२०) गाउँपालिका प्रशासनको नियन्त्रण रहनेः** नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत, योजना प्रशासन तथा अनुगमन शाखा प्रमुख र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन्।

**२१) नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुनेः** गाउँपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

**२२) कारवाही गर्दा परामर्श लिनेः** नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुख र योजना अनुगमन तथा प्रशासन शाखा प्रमुखको परामर्श लिन सक्नेछ ।

परिच्छेद - ६

विदा

**२३) विदा अधिकारको कुरा होइन ।** (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) विदाको किसिमहरुः नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन्

(१) विरामी विदाः नगर प्रहरी कर्मचारीले वर्षको १२ दिन विरामी विदा पाउनेछन् । लगातार सात दिन भन्दा वढी विरामी विदा लिनुपरेमा स्वीकृत प्राप्त चिकित्सकको प्रमाण पेश गर्नुपर्नेछ ।

(२) घर विदाः प्रत्येक काम गरेको महिनाको १ दिनका दरले वार्षिक १२ दिन

(३) किरिया विदाः (क) नगर प्रहरी कर्मचारी आफैं किरियामा बस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई समेत दिइनेछ ।

(ख) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पुरा तलब भत्ता पाउनेछ ।

(४) प्रसूती विदाः (क) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९० दिन प्रसूती विदा पाउनेछ ।

(ख) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(ग) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै गाउँपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

५) प्रसूती स्याहार विदाः (क) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै गाउँपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ ।

ख) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ । यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ।

ग) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

घ) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राखुपर्नेछ ।

ङ) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले ३५ दिन भित्रमा जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

६) सट्टा विदाः कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा पाँच दिनभन्दा वढी हुने छैन ।

**२४) विदा स्वीकृत नगराई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनेः** (१) यस कार्यविधि वमोजिम विदा स्वीकृत नगराई नगर प्रहरी कर्मचारी अनुपस्थित रहन पाउने छैन ।

(२) कार्यविधि (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले सेवाबाट हटाउन सक्नेछ ।

तर विदाको निकास नहुँदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि मनासिव कारण सहित विदाको निवेदन पेश गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन ।

**२५) विदाः**

१) कुनै पनि विदा संचिति समेत हुने छैन ।

२) कुनै नगर प्रहरी कर्मचारीले पुर्व स्वीकृति लिई विदामा बस्न असमर्थ भएमा विदा स्वीकृत अधिकारीलाई मौखिक जानकारी दिई विदामा बस्नु पाइने छ । तर कार्यालयमा उपस्थित हुनसाथ उक्त अवधिको विदा स्वीकृत गराउनुपर्नेछ।

३) विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता, राशन पाउनेछ ।

४) विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

**२६) विदा दिने अधिकारीः** देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः

विदाको किसिम विदा स्वीकृत गर्ने अधिकारी

१) अन्य विदा - नगर प्रहरी प्रमुख

२) किरिया विदा - प्रमुख प्रशासकीय अधिकृत

३) प्रसुती विदा - प्रमुख प्रशासकीय अधिकृत

४) सट्टा विदा - प्रमुख प्रशासकीय अधिकृत

(५) प्रसुति स्याहार विदा - प्रमुख प्रशासकीय अधिकृत

(६) विरामी विदा - प्रमुख प्रशासकीय अधिकृत

यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन भित्र नगर कार्यपालिकाको प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

**२७) विदा परिणत नहुने:** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

**२८) सार्वजनिक विदा गाभिने:** कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ ।

**२९) कार्यालयमा अनुपस्थित हुने उपर कारवाही:** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ ।

**३०) विदा लिने विधि:**

(१) यस परिच्छेद वमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखा मार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ । विदा स्वीकृत भए नभएको सम्वन्धित शाखा प्रमुखले सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार गरी विदा दिने वा नदिने निर्णय गर्न सक्नेछ।

(३) देहायमा लेखिएवमोजिमका कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले विदाको लागि दरखास्त परेको मितिभन्दा अगाडिदेखि पनि विदा वस्न पाउने गरी निवेदकलाई विदा दिन सक्नेछ ।

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन भन्ने वा

(ख) पूर्व स्वीकृतिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने ।

तर विदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृति हुन गई त्यसको फलस्वरुप विदाको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउनु पर्ने देखिएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका प्रदान गरिनेछ ।

**३१) विदाको अभिलेख:** विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ ।

**३२) निकासा लिन नभ्याएमा:** कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।

**३३) गयल खाली जनाउने:** कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ गाउँपालिका प्रशासन शाखामा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले विदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

**३४) झुठो कारण देखाएमा सजाय हुने:** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुट्टा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

**३५) तालिम अवधिमा विदा वस्ने वारे:** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन ।

## परिच्छेद ७

## आचरण

**३६) दान उपहार लिन नहुने**ः आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

**३७) चन्दा लिन नहुने**ः कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**३८) सम्पत्तिको विवरण दिनुपर्नेः** (१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो कार्यविधि लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले ६० दिन भित्र नगर कार्यपालिकाको कार्यालयमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा १ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३१ क को उपदफा १ को प्रयोजनको लागी सम्पत्ति विवरण फाराम अनुसार को विवरण दाखिला गर्नु पर्ने छ ।

**३९) व्यापार व्यवसाय गर्न नहुनेः** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैनः

१. कुनै व्यापार व्यवसाय गर्न

२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

३. कुनै कम्पनीको शेयर खरिद गर्न।

**४०) गाउँपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन । यस्तो जानकारी गराएको पाइएमा सेवावाट वर्खास्त गर्न सकिनेछ ।

**४१) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः** नगर प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

**४२) गाउँपालिकाको आलोचनाः** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका र नगरबासीमा खल्ल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

**४३) निर्वाचनमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**४४) राजनीतिमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

**४५) समय पालन र नियमितताः** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

**४६) अनुशासन र आज्ञापालनः** (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

**४७) नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुनेः** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

## परिच्छेद - ८
## सजाय र पुनरावेदन

**४८) सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

३. तल्लो तहमा घटुवा गर्ने

४. लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने।

५. भविष्यमा सरकारी नोकरीको लागी अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**४९) नसिहत दिने वा प्रतिकूल राय लेख्नेः** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**५०) दर्जा र तलब घटाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र गाउँपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

ख) अनुशासनहीनता गरेमा ।

ग) आचरणसम्वन्धी कार्यविधि उल्लंघन गरेमा ।

घ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वियन नगरेमा ।

च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

ज) यस कार्यविधीको दफा २९ को ३ अनुसार ।

## परिच्छेद ९

## तलब, भत्ता

**५१) तलब भत्ताः** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा भएको मितिदेखि गाउँ सभाले तोकेबमोजिम गतलब भत्ता पाउने छ । तलव र भत्ता नेपाल प्रहरी कर्मचारीको तत् तत् पद अनुसारको तलब भत्ता भन्दा बढी हुने छैन ।

## परिच्छेद १०

**५२) निमित्त भई काम गर्ने व्यवस्थाः** (१) एक महिना ननाध्ने गरी कुनै कारणले नगर प्रहरी प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ।

## परिच्छेद ११

## तालिम

**५३) तालिमको व्यवस्थाः** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन घिरिङ गाउँपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

**५४) तालिम संचालन हुने स्थानः** गाउँपालिकाले तोकिएको स्थानमा हुनेछ ।

**५५) तालिमको अवधिः** नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि घिरिङ गाउँपालिकाले तोकेको पाठयक्रम अनुसार हुनेछ ।

**५६) प्रशिक्षार्थीले पाउने सुविधाः** (१) घिरिङ गाउँपालिका बाहिरका प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून बमोजिम हुनेछ ।

**५७) प्रारम्भिक पोशाकः** (१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालिम केन्द्रबाट स्केल बमोजिम प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक घिरिङ गाउँपालिकाले दिनेछ ।

**५८) प्रशिक्षण भत्ताः** नगर कार्यपालिकाको निर्णायानुसार प्रशिक्षण भत्ता दिइनेछ ।

**५९) अतिथि प्रशिक्षकहरुको पारिश्रमिकः** गाउँपालिकाले तोकिए बमोजिम हुनेछ ।

**६०) आन्तरिक तालिमः** एकै पटक नियुक्ति भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद १२

## पोशाक

**६१) नगर प्रहरी पोशाकः** नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**६२) प्रारम्भिक पोशाक र सामानः** प्रत्येक नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

**६३) जाडो मौसमका लागि दिइने पोशाकः** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ । हरेक तीन बर्षको लागि एक सेट पोशाक उपलव्ध गराईने छ ।

**६४) सेरोमोनियल पोशाकः** अधिकृत कर्मचारीहरुलाई सेरीमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराईनेछ।

**६५) तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधाः** नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

**६६) नगर प्रहरीको पोशाक सट्टा भर्नाः** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सट्टा गरी नयाँ दिइनेछ ।

## परिच्छेद १३
## विविध

**६७) विभागीय आदेश र निर्देशनः** ऐन र यस कार्यविधिको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले कार्यकारी अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्न विषय घिरिङ गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

**६८) पुरस्कारः** देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन्ः

**६९) चाडपर्व खर्च पाउनेः** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

**७०) अन्य सुविधा तथा व्यवस्थाः** नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**७१) बाधा अड्काउ फुकाऊः** घिरिङ नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा नेपाल प्रहरी नियमावली, २०७१ बमोजिम हुनेछ ।

**७२) कार्यविधि संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन घिरिङ गाउँपालिका, तनहुँको गाउँसभाले गर्ने सक्नेछ।

**७३) नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्नको लागी घिरिङ गाउँपालिका तनहुँ गाउँ कार्यपालिका बैठकले आवश्यक नियम बनाउन सक्नेछ ।

**७४) कानून वाझिएमा अमान्य हुनेः** यस ऐन संघीय कानुन तथा प्रदेश कानून सँग बाझिएमा बाझिएको हदसम्म यो ऐन स्वतः अमान्य हुनेछ ।